कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २५ | अंक: १९४ | वि.सं. २०८२ कार्तिक २० बिहिवार | नेपाल संवत्: ११४५, कार्तिक शुक्लपक्ष प्रतिपदा | Thursday 6 November 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

### पश्चिम सुर्खेत लाइफलाइन सडक

# बड्डीचौर–खम्बगाडे र चिसापानी–कुइने सडक यहीं वर्षमा सम्पन्न हुने झिनो आशा



**सुशील खड्का**
**सुर्खेत, १९ कार्तिक ।**

बड्डीचौर-खम्बगाडे सडक निर्माण आरम्भ थालिएको तीन वर्ष बित्यो । आम बुझाईमा सडक अलपत्र पर्नुको मुख्य दोष निर्माण व्यवसायीलाई थुपारिदै आइएको छ । तर, सडक निर्माणका लागि गरिनु पर्ने पूर्व तयारीविनै काम थाल्दा बड्डीचौर-खम्बगाडे १३ किलोमिटर सडक खण्ड सुस्ताएको हो ।

संघीय सरकार मातहतको सडक हुन, विद्युत पोल तथा रुख कटानको अल्झन नसल्टाउनु, बड्डीचौर बजार, जनज्योति स्कुल र पाइप डाँडाको विवाद समाधान नहुनु मुख्य बाधक हुन् । क्षेत्राधिकार बाहिरको सडक निर्माण गर्न प्रदेश सरकार कस्सिनुले सुर्खेत पश्चिमका नागरिकले पीडादायी यात्रा गर्नु परेको छ ।

२०७९ असार मै ठेक्का आह्वान गरेर तत्कालिन सामाजिक विकास मन्त्री यज्ञबहादुर विसीले सडक निर्माणको शिलान्यास गरेका थिए । सडक शिलान्यास गरिएको तीन वर्षपछि संघीय सरकारले सडकको निर्माणका गर्न अनुमति दिएसँगै रुख कटानको अल्झन सल्टिएको हो । सडकमा पर्ने आठ सय ६४ वटा विद्युतका पोल हटाउन र रुख कटानको काम अन्तिम चरणमा पुगेको छ ।

'निर्माण व्यवसायीकै कारण सडक अलपत्र भयो भन्नु राम्रो होइन,' अनक जयदेवी जेभीका इन्जिनियर शंकर रावतले भने, 'लगभग रुखको समस्या समाधान भएको छ । बड्डीचौर बजार, स्कुल र पाइप डाँडामा विवाद छ । त्यो विवाद नसल्टिए पनि निर्माणको गति बढाउछौं ।' रावतकाअनुसार यो वर्ष नागरिकलाई साच्चै निर्माण व्यवसायीले काम गर्नेरहेछ भन्नेगरी दुई तीन महिनामै कामबाट देखिनेछ । सुर्खेत पश्चिमको बावियाचौर-विद्यापुर-गुटुहुँदै लगाम जोड्ने सडक २०५१ सालमै ट्र्याक खोलिएको हो । सुर्खेत पश्चिम जोड्ने मदन भण्डारी राजमार्ग नामाकरण गरिएको सडकको शुन्य विन्दु बड्डीचौरलाई मानेर काम थालिएको हो । पहिलो खण्डमा बड्डीचौरदेखी कालोपत्रे गर्न ४२ करोड ४७ लाख ६१ हजारमा अनक जयदेवी जेभी बाँकेले सम्झौता गरेको छ ।

जयदेवीका सञ्चालकले अपेक्षाकृत काम गर्न नसकेपछि अनकले निर्माणको पूरै जिम्मेवारी लिएको छ । बड्डीचौर बजारदेखि गिभिनेसम्म झण्डै ६ किलोमिटर र खम्बगाडेतर्फ एक किलोमिटर सडकमा नाला, सपोर्ट वाल र कल्भर्ट निर्माण यसअघि नै सकिएको छ ।

'रुख कटान लगत्तै निर्माणको गति बढ्छ,' पूर्वाधार विकास निर्देशनालयका प्रमुख सूर्यबहादुर शाही भन्छन्, 'अल्झनहरु सबै टुंगिएकाले आगामी असारसम्म कालोपत्रे

बाँकी ४ पेजमा

## गुटु र विजौरामा विवाद, बाँकी कालोपत्रे सक्ने तयारी

मदन भण्डारीले सुर्खेतमा मात्रै झण्डै एक सय५८ किलोमिटर पर्छ । योमध्य भेडावारी-बोटेचौर-रैकर-बालुवासंग्रही (छिन्चु-जाजरकोड-डोल्पा) सडक करिव १२, धुलियाविट-बाँगेशीमल (फोरलेन) सडक आठ र बाँगेशीमल-बड्डीचौर (कर्णाली राजमार्ग) सडक ३० किलोमिटर कालोपत्रे भइसकेको छन् । मदन भण्डारी राजमार्ग योजना कार्यालय सुर्खेतले पूर्वमा २८ असार २०७८ बाट काम थालेको हो । २०३२ सालमा ट्र्याक खोलिएको धुलियाविट-भेडावारी सडक ४६ वर्षमा कालोपत्रेका लागि ठेक्का लागेको हो । ३५ किलोमिटर दुरीको सडकको कालोपत्रे अन्तिम चरणमा छ । कालिका केएस भेरासी जेभीले एक अर्ब तीन करोड लागतमा निर्माण गरिरहेको छ ।

सुर्खेत पश्चिमको बड्डीचौरबाट मदन भण्डारी राजमार्ग लगाम भएर पाल्पाघाट जोडिन्छ । यो खण्डमा राजमार्गको दुरी ८५ किलोमिटर छ । तर यो सडकको ट्र्याक २०५१ सालमा खोलिएको हो । मदन भण्डारी राजमार्ग योजनाले विद्यापुर-गुटु-विजौरा-बल्दे २२ किलोमिटर सडक निर्माण १७ फागुन २०७९ बाट सुरु गरेको हो । एक अर्ब २१ करोड लागतमा रहेको सडकको निर्माण जिम्मा बानियाँ मोतिदान डि.एस.जेभी काठमाडौंले पाएको छ ।

आगामी फागुन १६ गतेसम्म कालोपत्रे सक्ने म्याद रहेको छ । यो मध्य अहिलेसम्म ६ किलोमिटर सडक कालोपत्रे सकिएको छ । विवाद देखिएको गुटु र विजौरा क्षेत्रको काम छाडेर बाँकी सबै काम आगामी मंसिरसम्म कालोपत्रे सक्ने लक्ष्य निर्माण व्यवसायीले लिएको छ । मदन भण्डारीले तेस्रो प्याकेज अन्तरगत चौर खोला-सालकोट-चत्तुरे चोक-दुलालथाई-विद्यापुर १० र बल्दे-लगाम १५ गरी २५ किलोमिटर सडक निर्माण जिम्मा दिवा यती जेभी काठमाडौंले पाएको छ । चौर खोला-विद्यापुर डाँडा र बल्दे-लगाम खण्डमा निर्माणको काम जारी छ ।

यता सुदूरपश्चिमबाट कर्णाली र कर्णालीबाट सुदूरपश्चिम जाने छोटो मार्ग हो बड्डीचौर-बावियाचौर-कुइने-चिसापानी सडक । सुदूपश्चिमकै अछाम, बाजुराबाट तराई पुग्न होस् वा पहाड पुग्ने छोटो मार्गपनि यहीं हो । चिसापानीबाट कैलालीकै कुइनेसम्म १२ किलोमिटर सडक हो ।

चिसापानी क्षेत्रको दुई किलोमिटर सडक कालोपत्रे छ । बाँकी क्षेत्रमा रुख र पोलका कारण काममा ढिलाइ भएको हो । अहिले रुख कटान सकिएकाले यसै वर्ष कालोपत्रे गर्नेगरी काम भइरहेको सडक डिभिजन कञ्चनपुरका प्रमुख सिनियर डिभिजन इन्जिनियर राजेशकुमार यादवले जानकारी दिए । कुईनस्थित कर्णाली नदी र जामुमा रहेको भेरी नदीमा पक्की पुल सञ्चालनमा आएपछि त्रिदेशीय जोड्ने सडक छिटो निर्माण गर्न सरकारलाई दवाव बढेको हो ।

यहीं सडक भएर कर्णालीका सुर्खेतसहित दैलेख, कालिकोट, जुम्ला, हुम्लाका नागरिकलाई सुदूरपश्चिमको कैलाली र कञ्चनपुर जान र फर्किन छोटो हुन्छ । कर्णाली राजमार्गको जमुनाह-हिल्सा त्रिदेशीय सडक जोडिएको छ । बावियाचौर-जंगलघाट सडक अझै स्तरोन्नति नभए

बाँकी २ पेजमा

## बाँकेमा धानखेती क्षेत्र घट्यो, उत्पादन बढ्यो



**युग संवाददाता**
**बाँके, १९ कार्तिक ।**

बाँके जिल्लामा धानखेती गर्ने क्षेत्र घट्दै गए पनि गत वर्षको तुलनामा उत्पादनमा भने वृद्धि भएको छ । यस वर्ष ३४ हजार ७११ हेक्टरमा धानखेती गरिएकोमा प्रति हेक्टर ४.६ मेट्रिक टन उत्पादन भई कुल एक लाख ६० हजार मेट्रिक टन धान उत्पादन भएको कृषि ज्ञान केन्द्र बाँकेका कृषि प्रसार अधिकृत खडक बस्नेतले बताए ।

उनका अनुसार, गत वर्ष ३४ हजार ५०२ हेक्टरमा धान खेती गरिएकोमा प्रति हेक्टर ४.२ मेट्रिक टनका दरले एक लाख ४५ हजार मेट्रिक टन धान उत्पादन भएको थियो । यस वर्ष सुरुदेखिनै अनुकूल मौसमले समयमा रोपाइँ हुनुका साथै वर्षामा क्षति पनि नभएकाले यस वर्ष गत वर्षभन्दा १५ हजार मेट्रिक टन बढी धान उत्पादन हुने भएको छ ।

त्यसैबीच खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले बाँकेका किसानबाट धान खरिदका लागि मूल्य निर्धारण गरिएको छ । प्रमुख जिल्ला अधिकारी दिलबहादुर तामाङको अध्यक्षतामा मङ्गलबार बसेको प्राथमिक खरिद समितिको बैठकले मोटा धान प्रतिक्विन्टल तीन हजार ४६३ रुपियाँ ८१ पैसा र मध्यम धानप्रति क्विन्टल तीन हजार ६२८ रुपियाँ ३३ पैसामा खरिद गर्ने गरी मूल्य निर्धारण गरेको हो ।

मूल्य निर्धारणको काम गरिए पनि आन्तरिक तयारी गरी आइतबारदेखि मात्रै किसानबाट धान खरिद सुरु गरिने खाद्य व्यवस्था तथा व्यापार

बाँकी ४ पेजमा

## सुदूरपश्चिम विश्वविद्यालयको तीन सय बिघा जग्गा अतिक्रमण

**युग संवाददाता**
**कञ्चनपुर, १९ कार्तिक ।**

सुदूरपश्चिम विश्वविद्यालयको तीन सय बिघा जग्गा अतिक्रमण भएको छ । सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति हेमराज पन्तका अनुसार विश्वविद्यालयको आङ्गिक क्याम्पस टीकापुर बहुमुखी क्याम्पसको तीन सय ८० बिघामध्ये तीन सय बिघा जग्गा अतिक्रमण भएको छ ।

वि.सं. २०६२ मा टीकापुर विकास समितिले क्याम्पस स्थापनाका लागि तीन सय ८० बिघा जग्गा क्याम्पसलाई प्रदान गरेको भए पनि क्याम्पसले हालसम्म ८० बिघामात्र भोगचलन गर्न पाएको छ । तीन सय बिघा जमिन मुक्तकमैया तथा सुकुम्बासीका नाममा अतिक्रमण भएको छ ।

अतिक्रमित जग्गा फिर्ता ल्याउनका लागि विश्वविद्यालयले पटकपटक सङ्घ र प्रदेशसरकारसमक्ष आग्रह गरे पनि सुनुवाइ नभएको उपकुलपति पन्तले दुखेसो गरे । हालै विश्वविद्यालय कार्यकारी परिषद्ले निर्णय गरेर अतिक्रमित जग्गा फिर्ता ल्याउन उच्चस्तरीय छानबिन आयोग गठनको माग गरेको छ । विश्वविद्यालयको जग्गा अतिक्रमण गरेकालाई विभिन्न राजनीतिक पार्टीको संरक्षण भएकाले हटाउन समस्या भएको हो ।




# सम्पादकीय....

## भूकम्पपछिको पुनर्निर्माणमा ढिलाई किन ?

१७ कार्तिक २०८० को मध्यरात जाजरकोट केन्द्रविन्दु भएर विनासकारी भूकम्प गयो। घातक पराकम्पका कारण सेकेन्डमै हजरौ घर भत्किए, एक सय ५४ जनाले ज्यान गुमाए। त्यो रात केवल जाजरकोटका लागि मात्र नभई, सिङ्गो देशका लागि पीडादायक क्षण थियो। उक्त भूकम्पका कारण जाजरकोट, रुकुम पशिचम र सल्यान जिल्ला नराम्ररी प्रभावित बने। भूकम्पको त्रासदीबाट आक्रान्त बनेका प्रभावित नागरिकहरु सामान्य जनजीवनमा फर्किएका छन्। तर, पुनर्निर्माणको पाटो भने अझै जहाँको त्यही छ। सुरुमा उद्दार, राहत र अस्थायी आवास निर्माणलाई तीव्रता दिएको दावी गर्ने सरकारले भूकम्पको दुई वर्षसम्म पनि पुनर्निर्माणको पाटोलाई अघि बढाउन सकेको छैन। भूकम्प प्रभावित नागरिकहरु सुरक्षित बासको खोजिमा अझै टिन र पालमुनि चिसा र ताता रात बिताइरहेका छन्। भूकम्पले आहात बनेका नागरिक त्यसयता सरकारी बेवास्ता र ढिलासुस्तीले आजित बनिरहेका छन्। जसका कारण नागरिकमा राज्यप्रतिको विश्वास गुम्दै गएको छ। भूकम्पको केही समय राहतका गाडीहरू गुडे, नेताहरु हेलिकोप्टरमा तछाडमछाड गर्दै प्रभावित क्षेत्रमा पुगे। पुनर्निर्माण र पुनर्स्थापनाको चर्को आश्वासन दिएर नेताहरु फर्किए।

तर, उनीहरुले दिएका पुनर्निर्माणका आवश्वसन बोलीमै सीमित भएका छन्। पश्चिम नेपाल भूकम्पको उच्च जोखिम रहेको क्षेत्र हो। यो क्षेत्रमा जुनसुकै समयमा पनि ठुलो प्रकृतिको भूकम्प जान सक्ने सम्भावना विज्ञहरुले औल्याइ सकेका छन्। तर, राज्यको चेत अझै फिरेको छैन। २०७२ सालको विनाशकारी भूकम्पपछि सरकारले जुन खालको तयारी गर्नुपर्ने थियो, त्यसो हुन नसकेको जाजरकोटको अनुभवले देखाउँछ। हामीले केवल संरचना बनायौं तर, प्रणाली बलियो बनाएनौं। स्थानीय सरकारहरू तयारीविहीन रहे, प्राविधिक सहयोग पुग्न सकेन, जनतालाई जोखिमपूर्ण ठाउँमै घर बनाउन छोडियो। यसबाट हरेक विपत्तिपछि राहतमा सीमित हुने तर, पुनर्निर्माणमा ढिलाईसँगै पूर्वतयारी कहिल्यै नगर्ने राज्य संयत्रको उदाङ्गो चरित्र प्रष्ट देखिन्छ। विपद् व्यवस्थापनका नीति, योजना र जनचेतनाका सवाल केवल बोलीमै सीमित छन्। विपद्पछि राज्यको फितलो उपस्थितीले ठुलो संख्यामा वर्षेनी नागरिकहरु विस्थापित हुन बाध्य छन्।

यथार्थमा भन्ने हो भने गाउँस्तरमा न जनशक्ति तयार छ, न संसाधनको पारदर्शी प्रयोग नै। जाजरकोट भूकम्पले राज्यको विपद् पूर्वको तयारी र विपद्पछिको प्रतिकार्य क्षमताको परीक्षा लिएको छ। यसर्थ पनि संघ, प्रदेश र स्थानीय तहले संयुक्त रूपमा दीगो पुनर्निर्माणका कार्यक्रम तत्काल सुरु गर्न आवश्यक छ। भूकम्प प्रतिरोधी संरचना निर्माणमा जोड, स्थानीयस्तरमा प्राविधिक तालिम, सुरक्षित बासस्थान र पारदर्शी सहायता वितरण सुनिश्चित गर्न नसकेसम्म जाजरकोट भूकम्पपछि ढलेका बस्तीहरु कदापी उठ्न सक्ने छैनन्। जाजरकोट भूकम्पका पीडितहरु राहत होइन, राज्यको अभिभावकत्व खोजिरहेका छन्। उनीहरूलाई घरभन्दा बढी राज्यको साथ र सहानुभूति चाहिएको छ। भूकम्पले भौतिक संरचना भत्कायो, तर सरकारी उपेक्षाले उनीहरुको मनोवल भत्काइरहेको छ। यसकारण पनि अब सरकार मौन होइन नागरिकप्रति उत्तरदायी बनेर योजना कागजमा नभई व्यवहारमा उतार्नतर्फ लाग्नु पर्दछ। भूकम्पले भत्किएका घरहरू एक न एक दिन पुनः बनाइएला तर राज्यप्रतिको टुट्दै गएको भरोसा पुनः स्थापित गर्न निर्णायक तहमा रहेकाहरुमा दृढ संकल्प र इच्छाशक्ति अपरिहार्य छ।

# आजको राशिफल

| | |
|---|---|
| मेष | प्रतिष्ठित काम गर्दै नाम, दाम र इनाम कमाउने बेला छ। रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त होला। |
| वृष | अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। घरखर्च बढ्नुका साथै अर्थ अभावले सताउने हुँदा होसियारीसाथ काममा जुट्नुहोला। |
| मिथुन | आयस्रोत बढ्नेछन् र दैनिक काममा पनि राम्रै फाइदा हुनेछ। अवसर र व्यवधानका बीचबाट कर्मयोग अघि बढ्नेछ। दिगो काममा लगानी गर्ने मौका छ। |
| कर्कट | अवसर प्राप्त भए पनि बेसुरमा काम गर्ने बानीले चुनौती निम्त्याउन सक्छ। मिहिनेत गर्दा काम प्रारम्भ हुनेछ। तर प्रशस्त दाम भने हातलागी नहुन सक्छ। |
| सिंह | धर्ममा श्रद्धा र परोपकारमा मन जानेछ। नयाँ जिम्मेवारी प्राप्त हुनेछ। व्यापार, व्यवसायमा पनि प्रशस्त फाइदा हुनेछ। विशेष अवसरले मन प्रफुल्लित हुनेछ। |
| कन्या | कामको चाप बढ्नेछ भने शरीरमा कमजोरी तथा आलस्य अनुभूति हुनेछ। अस्वस्थताले काममा जुट्न नसकिएला। सामान्य काममा धन र श्रम खर्च हुनेछ। |
| तुला | दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ। प्रियजनसँग रमाइलो भेटघाट हुनेछ। परिवेश उल्लासमय रहनेछ। व्यवसायले रमाइलो यात्रा गर्ने अवसर दिलाउन सक्छ। |
| वृश्चिक | काममा केही चुनौतीहरू देखिनेछन् र सोचेको फाइदा उठाउन मुस्किल पर्नेछ। वैधानिक प्रावधानले पनि लक्ष्यमा पुग्न अप्ठ्यारो पर्नेछ। |
| धनु | समय लागे पनि निर्णायक कार्य गर्ने समय छ। पहिलेका उल्झन समाप्त हुनाले रोकिएको काम थालनी गर्न सकिनेछ। |
| मकर | अवसरलाई पछ्याउन नसक्दा व्यवहारमा पछि परिनेछ। बेसुरमा बोल्ने बानीले गोपनीयता भंग हुन सक्छ। विशेष योजना सार्वजनिक नगर्नुहोला। |
| कुम्भ | दाजुभाइमा असमझदारी बढ्न सक्छ। जिम्मेवारी थपिए पनि सहयोगीहरू पछि हट्नाले दुस्ख पाइनेछ। प्रगतिमा ईर्ष्या गर्नेहरूले अवरोध पुर्याउन सक्छन्। |
| मीन | काम बन्नाले मनग्य आम्दानी भित्र्याउने अवसर प्राप्त हुनेछ। बुद्धिको उपयोगले नाम, दाम र इनाम प्राप्त हुनेछ। मिहिनेतले सम्मानित स्थान दिलाउनेछ। |

# बाँकेमा रुकुमेलीले जोगाउँदै 'सिद्ध साइँकुमारी मेला'



**युग संवाददाता**
**बाँके, १९ कार्तिक।**

नेपालगञ्जको कण्ठिपुरमा यतिबेला बेग्लै रौनक छ। रुकुमबाट बसाइँ सरेर आएकाहरुले प्रसिद्ध सिद्ध साइँकुमारी मेलामा जुटेपछि रौनक छाएको हो।

रुकुमबाट बसाइँसराइ गरी नेपालगञ्ज क्षेत्रमा आएका रुकमेलीहरुले रुकुममा प्रसिद्ध सिद्ध साइँकुमारी मेलाको सम्झनामा यहाँ मेला आयोजना गरेको मन्दिर व्यवस्थापन तदर्थ समितिका अध्यक्ष कलबहादुर वलीले बताए।

"सिद्ध साइँकुमारी मेला संस्कृतिको संरक्षण गर्दै आपसी एकता र सामाजिक सद्भावको लागि मेला आयोजना गरिएको छ", उनले भने, "मन्दिरलाई थप व्यवस्थित गर्दै सिद्ध साइँकुमारी मेला परम्परालाई नेपालगञ्जमा स्थापित गर्न हामी लागि परेका छौं।"

नेपालगञ्ज उपमहानगरपालिका-१९ कण्ठिपुरस्थित सिद्ध साइँकुमारी देवी भगवती मन्दिर परिसरमा सुरु भएको यो मेला एउटा धार्मिक पर्व मात्र नभएर रुकुमबाट बसाइ सरेर आएकाहरूको आपसी एकता र सामाजिक सद् भावको कडी भएको वलीको भनाइ छ।

सोमबारदेखि सुरु भएको यो मेलामा दिनभर विशेष पूजाआजा हुने गरेको छ भने रातभर रुकुमको लोक संस्कृति झल्किने सांस्कृतिक गीत तथा नृत्य प्रस्तुत गरिन्छ। मेला हेर्नका लागि स्थानीयको बाक्लो उपस्थिति रहने गरेको मन्दिर व्यवस्थापन समितिका सचिव शम्भु नाथ बताउँछन्। यो मेला बुधवार रातीसम्म सञ्चालन हुने जानकारी उनले दिए।

सिद्ध साइँकुमारी मेलाले आफ्नो मौलिक परम्परालाई जीवन्त राख्दै नयाँ पिँढीलाई आफ्नो परम्परा र संस्कृतिबारे जानकारी हुने गरेको उनको भनाइ छ। मेलामा बाँके जिल्लाका अन्य स्थानीय तहबाट सर्वसाधारणको सहभागिता हुने गरेको छ।

गुटु...

तत्कालका लागि बड्डीचौरबाट कर्णाली राजमार्ग भएर यात्रा गर्न सहज हुनेछ। चिसापानीबाट बड्डीचौरसम्मको दुरी ४८ किलोमिटर छ। हिउँदको समयमा कैलालीबाट अछाम जाने दर्जन बढी सवारीहरु चिसापानीबाट सुर्खेत-दैलेख भएर अछामको कमलबजार र मंगलसैन पुग्ने गरेका छन्।

कैलालीको चिसापानीबाट कोहलपुर-सुर्खेतहुँदै बाहिरिन र भित्रनु पर्छ। कैलालीबाट अछाम पुग्न मात्रै चिसापानी-कोहलपुर ७७, कोहलपुर-वीरेन्द्रनगर ९० र वीरेन्द्रनगर-बेलखेतहुँदै मंगलसेन अछाम एक सय ५९ किलोमिटर गरी तीन सय २६ किलोमिटर दुरी तय गर्नुपर्ने अवस्थामा छ। बड्डीचौर-बावियाचौर-कुइने-चिसापानी सडक निर्माण सम्पन्न भए कर्णालीका सुर्खेत, दैलेख, कालिकोट, मुगु, हुम्ला, जुम्ला र सुदूर पश्चिमको कैलाली, कञ्चनपुर, बाजुरा तथा अछाम आवतजावत गर्ने छोटो मार्ग बन्नेछ।

पञ्चपुरी नगरपालिका सुर्खेत र तुर्माखाँद गाउँपालिका अछामको सीमानामा पर्ने जंगलाघाटको कर्णाली नदीमा पक्की पुल निर्माण गर्न लागिएको हो। पुल निर्माणका लागि ८ साउन २०७८ मै सम्झौता गरिएको हो। १० कार्तिक २०८३ मा कर्णाली नदीमा पुक्की पुल निर्माण सम्पन्न गर्नेगरी म्याद थप गरिएको छ। १६ करोड ५८ लाख ६४ हजार लागत रहेको पुल निर्माणको जिम्मा लामा कन्ट्रक्शन प्रालि काठमाडौंले लिएको छ।


# जन नमुना माध्यमिक विद्यालय
वीरेन्द्रनगर–६, सुर्खेत

## आर्थिक प्रस्ताब खोल्ने बारेको सूचना

(सूचना प्रकाशित मिति : २०८२/०७/२०)

यस विद्यालयबाट मिति २०८२/०३/३२ गते प्रकाशित Construction of Prayer and Yoga Hall, Birendranagar 6, Surkhet ठेक्का नं. 01/081-082/NCB/works/JMSS) कार्यको लागि E-Bid मार्फत बोलपत्र गरिएकोमा दर्ता भएका बोलपत्रहरु मध्ये निम्न बोलपत्रदाताहरुको बोलपत्रको प्राबिधिक प्रस्ताब मुल्यांकन गर्दा तपशिलका बोलपत्रदाताहरु सारभूत रुपमा प्रभाबग्राही देखिएको हुदा सार्बजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) को नियम ३१(ङ) को उपनियम (५) बमोजिम निजहरुको आर्थिक प्रस्ताब २०८२/०७/२७ गते विहीबारका दिन दिनको ठिक १:०० (एक) बजे यस विद्यालयमा खोल्ने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:

| क्र.सं. | उत्तीर्ण बोलपत्रदाताको नाम र ठेगाना |
|---|---|
| १ | Doko Consultant and Construction Pvt. Ltd Thecho |
| २ | Suryakamal - Shivaya J/V, Chitwan |
| ३ | CBAS-TMNS JV Birendranagar-06 , Surkhet |

प्रधानाध्यापक



# राप्ती सोनारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके
लुम्बिनी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति: २०८२/०७/२०

यस कार्यालयबाट मिति २०८२/०५/२ मा विधुतीय खरिद प्रणालीवाट बोलपत्र आह्वान भएकोमा पेश हुनआएका बोलपत्रहरुमध्ये तपसिल बमोजिमका बोलपत्रदाताहरुको न्यूनतम कबोल अंक सारभुत रुपमा प्रभावग्राही भएको हुदा स्वीकृतिको लागी छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाताको नाम | कबोल अंक (मु.अ.कर समेत) |
|---|---|---|---|---|
| १ | RSRM/WORKS/ 2082-2083/01 | Rimna Park Dekhi Pashim Puruwa Samma Bato Nirman, Raptisonari-09, Banke | Shree Sakchyam Nirman Sewa pvt.Ltd., Kohalpur-10, Banke | रु १,६३,१०,०९२.९६/- |



# कनकासुन्दरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
विराट, सिंन्जा, जुम्ला

## वोलपत्र स्विकृत गर्ने आसय पत्रको सूचना

प्रकाशित मिति: २०८२/०७/१९

यस कार्यालयबाट मिति २०८२/०६/१२ गते युगआवहान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तपशिल बमोजिमको कार्यका लागी यस गाउँपालिकामा रित पूर्वक दर्ता हुन आएका बोलपत्र दाताहरुको मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई गरीएको सिफारिस बमोजिम देहाएका न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही देखिएकोले वोलपत्र स्विकृतको लागी सार्वजनिक खरिद ऐन २०६३ दफा २७ को उपदफा २ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आसयपत्रको सूचना सवैको जानकारीको लागी प्रकाशित गरिएको छ।

तपशिल

| ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्र दाताको विवरण | बोल कबोल अंक (भ्याट) सहित |
|---|---|---|---|
| NCB/Works/082/83 /KRM-03 | मालाकाबोता खाडापानि पुनेरा हुदै गोठेखोला ग्रामीण सडक निर्माण योजना, कनकासुन्दरी-०२, जुम्ला। | Harahara Mahadev Construction, Kanakasundari, Jumla. | रु. ३३२३४८७.६५ |
| NCB/Works/082/83 /KRM-04 | पाण्डबगुफा माध्यामिक विद्यालय भवन योजना, कनकासुन्दरी-०८, जुम्ला। | Juna Nirman Sewa Pvt. Ltd. Tokha-08, Kathmandu. | रु. ३६०९२८२.४२ |
| SQ/Goods/082/83/KRM-02 | आधारभुत तथा आकास्मिक स्वास्थ्य सेवाको लागी औषधी खरिद | Srijana Medicine Suppliers | रु. ९१२६०६.६५ |

प्रमुख प्रशासकिय अधिकृत

# छेडागाड नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**कार्कीगाउँ, जाजरकोट**
**कर्णाली प्रदेश, नेपाल**

## प्रारम्भिक वातावरणीय परिक्षण (IEE) कार्य गर्ने बारे सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मिति :-२०८२/०७/२०)**

छेडागाड नगरपालिका नगर कार्यपालिकाको कार्यलय कार्कीगाउँ, जाजरकोट अन्तर्गत छेडागाड नगरपालिका भएर बग्ने छेडा खोला, खारा खोला तथा भेरी नदिको विभिन्न वगर क्षेत्रबाट ढुङ्गा, गिट्टी तथा बालुवाको दिगो एवं वातावरणमैत्री संकलन / उत्खनन् कार्य गर्न प्रस्ताव गरिएको छ। उक्त प्रस्ताव कार्यान्वयन गर्नुपुर्व नेपाल सरकारले विद्यमान वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

प्रस्तावकको नाम र ठेगााना :- छेडागाड नगरपालिका, कार्कीगाउँ, जाजरकोट।
प्रस्तावको व्यहोरा र प्रभाव पर्न सक्ने जिल्ला/ नगरपालिका तथा वडाहरु।

| सि.न. | प्रस्तावको व्यहोरा | प्रभाव पर्न सक्ने जिल्ला/गाँउपालिका तथा वडाहरु |
|---|---|---|
| १. | छेडागाड नगरपालिका भएर बग्ने छेडा खोला, खारा खोला तथा भेरी नदिको विभिन्न वगर क्षेत्रबाट ढुङ्गा, गिट्टी तथा बालुवाको दिगो एवं वातावरणमैत्री संकलन / उत्खनन्। | जाजरकोट/ छेडागाड नगरपालिका वडा नं ०१, ०४, ०५, ०६, ०८, १२ र १३ |

माथि उल्लेखित क्षेत्रहरुमा सामाजिक, भौतिक, आर्थिक, सास्कृतिक, रसायनिक तथा जौविक वातावरणमा आयोजना कार्यान्वयन कार्यबाट पर्नसक्ने असरको अध्ययन गर्नका लागि आयोजनाको क्षेत्रभित्र पर्ने/गाँउपालिका/विद्यालय/अस्पताल/स्वास्थयचौकी तथा अन्य सरोकारवाला व्यक्ति, संघसंस्था बाट लिखित रायसुझाव लिन आवश्यक भएकाले यो सुचना प्रकासित भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आईपुग्ने गरी राय सुझाव उपलब्ध गराई दिनहुन अनुरोध गरिन्छ।

**राय सुझावका लागी पत्राचार गर्ने ठेगाना**

| | |
|---|---|
| छेडागाड नगरपालिका<br>नगर कार्यपालिकाको कार्यलय<br>कार्कीगाउँ, जाजरकोट<br>टेलिफोन न : ९८५८०८९५१७<br>ईमेलः info@chhedagadmun.gov.np/chhedagadmun@gmail.com | मुभ ईन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड रिसर्च प्रा ली<br>विरेन्द्रनगर-०८, सुर्खेत।<br>टेलिफोन नं. : ९८४८११५४०२<br>ईमेलः moveeng1234@gmail.com |

# कोहलपुर नगरपालिका
# नगर कार्यपारियको कार्यालय

**कोहलपुर, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

## कोहलपुर ११ गोलपार्क स्थित भ्यू टावर पर्यटन शुल्क संकलन तथा सम्पुर्ण व्यवस्थापन ठेक्का सम्बन्धी सूचना

**ठेक्का नं - BANKE/KOMUN/G/SQ-02/2082/083**
**दोस्रो पटक सूचना प्रकाशित मिति २०८२/०७/२०**

यस कोहलपुर ११ गोलपार्क स्थित भ्यु टावर पर्यटन शुल्क संकलन तथा सम्पूर्ण व्यवस्थापनमा १५ वर्षकोलागि संचालन गर्ने कार्यका लागि कोहलपुर नगरपालिकाको सोह्रौ नगरसभाको निर्णय अनुसार तपशिल बमोजिमको क्षेत्रमा प्रतिस्पर्धात्मक रुपमा सबैभन्दा बढी अंक कबोल गर्ने व्यक्ति/फर्म/कम्पनीलाई आय ठेक्काको बोलपत्र सार्बजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणालीको वेबसाइट www.bolpatra.gov.np/egp मार्फत दरभाउपत्र पेश गर्ने सम्बन्धी यो सूचना प्रकाशन गरिएको छ।

**तपशिल**

| क्र.स | विवरण | एकमुष्ठ प्रतिवर्ष न्यूनतम मुल्य (भ्याट सहित) | धरौटि रकम | कैफियत |
|---|---|---|---|---|
| १ | गोलपार्क स्थित भ्यु टावर पर्यटन शुल्क संकलन तथा सम्पुर्ण व्यवस्थापन | रु.१२,००,०००। (बाह लाख) | कबोल अंकको १० प्रतिशत | दरभाउपत्र दस्तुर रु.१०००। फिर्ता नहुने गरि। |

**शर्तहरु**

१. इच्छुक दरभाउपत्रदाताले फर्म व्यवासय दर्ता/ नवीकरण गरेको प्रमाणपत्र, स्थायी लेखा नम्बर PAN दर्ता, र आ.व.२०८०/०८१ सम्मको करचुक्ता प्रमाणपत्र सहित पछि फिर्ता नहुने गरी रु. १,०००। (एक हजार रुपैया मात्र) दस्तुर बुझाई दरभाउपत्र फारम खरिद गर्न सकिनेछ।
२. ई-विडिङ मार्फत दरभाउपत्र खरिद गर्न दरभाउपत्रदाताले कृषि विकास बैंक शाखा कार्यालय कोहलपुर स्थित कोहलपुर नगरपालिकाको नाममा रहेको राजश्व खाता नं ०७२५०१०००२३५३६५ मा दरभाउपत्र फाराम दस्तुर बापतको रकम जम्मा गरि सोको सक्कल भौचर तथा माथि उल्लेखित कागजात सहित सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणालीको वेबसाइट www.bolpatra.gov.np/egp मार्फत पेश दरभाउपत्र प्राप्त गर्न सकिनेछ। दरभाउपत्र अनलाइन प्रक्रीया (E-bidding) मार्फत मात्र पेश गर्न सकिने छ।
३. तोकिएको म्याद भित्र खरिद गरिएको बोलपत्रहरु मिति २०८२/०८/०५ गते दिनको १२.०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको बिद्युतीय खरिद प्रणालीको बेवसाइट www.bolpatra.gov.np/egp मार्फत पेश गर्नुपर्नेछ।
४. यसरी तोकिएको समय भित्र दाखिला हुन आएका दरभाउपत्रहरु दाखिला गर्ने अन्तिम दिनको २.०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै वाधा पर्ने छैन। दरभाउपत्र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि लगत्तै कार्यालय खुल्ने दिन र समयलाई अन्तिम दिन र समय मानिनेछ।
५. दरभाउपत्र बापतको धरौटी रकम यस कार्यालयको कृषि विकास बैंक कोहलपुर शाखामा रहेको धरौटी खाता नं ०७२०५०१०००२३५२१७ मा नगदै वा कम्तिमा ७५ दिनको समयावधि भएको मान्यता प्राप्त बैंक बाट जारी भएको बैंक जमानत सक्कलै पेश गर्नुपर्नेछ। दरभाउपत्र मान्य अवधी दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट ४५ दिनको हुनेछ।
६. दरभाउपत्र फाराममा दररेट स्पष्ट बुझिने गरी अङ्ग र अक्षरमा लेखुपर्नेछ। अङ्क र अक्षरको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ।
७. आ.व. २०८२/०८३ को भ्युटावर पर्यटन शुल्क संकलन तथा सम्पूर्ण व्यवस्थापनमा कर संकलनको लागि अवधि वि.स. २०५ असार मसान्त सम्मको लागि हुनेछ।
८. दरभाउपत्र स्वीकृती भई नियमानुसार सम्झौता भईसकेपश्चात कुनै किसिमको छुट माफी वा मिनाहा दिईने छैन।
९. सम्झौता गर्दा मूल्य अभिवृद्धि कर सहितको बार्षिक कबोल अंकको ४० प्रतिशत नगदैं धरौटी रकम यस नगरपालिकाको नाममा रहेको कृषि विकास बैंकमा रहेको धरौटी खाता नं ०७२०५०१०००२३५२१७ मा दाखिला गर्ने र बाँकि ६० प्रतिशत रकमको नेपात्त सरकारबाट मान्यता प्राप्र वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको १३ महिना सम्म म्याद भएको बैंक जमानत राखी वार्षिक रुपमा बैंक ग्यारेन्टी नविकरण गर्ने गरी १५ वर्ष अवधी रहने गरी सम्झौता गरिने छ। साथै मुल्य अभिवृद्धि कर बापतको रकम दोस्रो पक्ष स्वयंले नियमानुसार दाखिला गरी सो को प्रमाण कार्यालयमा पेश गर्नुपर्नेछ।
१०. दरभाउपत्र मा न्यूनतम अङ्क भन्दा माथी कबोल गर्नुपर्नेछ। सबैभन्दा बढी कबोल गर्ने दरभाउपत्रदातालाई स्वीकृत गरिनेछ।
११. दरभाउपत्रदाताले आफुले पेश गरेको कबोल अङ्ग मूल्य अभिवृद्धि कर सहित वा बाहेक भन्ने स्पष्ट उल्लेख गर्नुपर्नेछ। यदि उल्लेख नगरेमा मूल्य अभिवृद्धि कर बाहेक मानिनेछ।
१२. भ्यू टावर प्रवेश शुल्क बापत प्रति व्यक्ति रु.७५ (पचहत्तर रुपैया। लिन पाइनेछ।
१३. भ्यूटावरको भित्र ईन्टरनेट, सिसिटिभी, सुरक्षा व्यवस्था, बिजुली तथा पानी जडान लगायतको सम्पूर्ण व्यवस्थापन सम्बन्धी जिम्मा पूर्ण रुपमा व्यवस्थापनको ठेक्का प्राप्त गर्ने जिम्मा पाएको पक्षको हुनेछ।
१४. भ्यूटावरको संरचनामा असर नपर्ने गरी भ्यूटावर क्षेत्र भित्र अस्थायी चमेना गृह निर्माण तथा संचालन गर्न पाइनेछ तर भ्यूटावर भित्र मदिरा तथा सुर्तिजन्य पदार्थ निषेधित गरिनेछ।
१५. भ्यूटावर भित्र भ्यूटावरको सुन्दरतालाई असर नपर्ने गरी बालबाटिका निर्माण र संचालन गर्न पाईनेछ।
१६. भ्यूटावर व्यवस्थापनको सम्झौता भएपछि सम्झौता गरेको मितिबाट छ महिना पछि सो सम्झौतामा नगरकार्यपालिकाले पुनर्विचार गर्न सक्नेछ।
१७. भ्यूटावर भित्र कुनै पनि किसिमको मर्मत सम्भार गर्नुपर्ने भएमा दश हजार सम्मको खर्च ठेक्का व्यवस्थापनको जिम्मा पाएको पक्षले व्यहोर्नुपर्नेछ र सो भन्दा बढी खर्च कार्यालयले व्यहोर्नेछ।
१८. रीत नपुगेको वा म्याद नाधी आएको वा शर्त सहितको दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन।
१९. ठेक्का सम्बन्धी कुनै विषय बुझ्नु परेमा कार्यालय समयभित्र राजश्व शाखामा सम्पर्क राख सकिनेछ।
२०. यस सूचनामा उल्लेख नभएको कुराहरु स्थानीय सरकार संचालन ऐन, २०७४ सार्वजनिक खरिद ऐन (संसोधन समेत), २०६३. सार्वजनिक खरिद नियमावली (संसोधन समेत), २०६४ र अन्य प्रचलित ऐन र कानुन तथा कोहलपुर नगरपालिकाको निर्णय बमोजिम हुनेछ।

**प्रमुख प्रशासकिय अधिकृत**

# Kohalpur Municipality
# Office of Municipal Executive

**Kohalpur, Banke**
**Lumbini Province, Nepal**

## Invitation For Sealed-Quotations

**Date Of Publication: 2082/07/19 (Nov-05-2025)**

Kohalpur Municipality, Office of Municipal Executive, Kohalpur, Banke invites electronic bids from eligible bidders for the following works:

| S. N | Contract Identification | Description Of Works | Bid Validity Period | Esimated Amount with VAT and PS (NRs.) | Bid Bond Amount | Non-Refundable Fee For Bid Document Purchase (NRs) | Rem. |
|---|---|---|---|---|---|---|---|
| 1.0 | BANKE/ KOMUN/ W/SQ-01/2082/083 | Aadharbhut Swastya Chauki Ghrrabar, Koholpur-03, Banke. | 45 days | 19,42,929.08 | 50,000.00 | 1000.00 | |
| **Further Information to bidders;** | | | | | | | |
| **Last date and time of Bid Submission** | 2082/08/05 (Nov-21-2025) (upto 12:00 Noon) | | | | | | |
| **Date, Time and Place of Bid Opening** | 2082/08/05 (Nov-21-2025); at 1:00 PM, At Kohalpur Municipality Office, Kohalpur, Banke | | | | | | |
| **Bid Security Validity Period** | 30 Days beyond bid validity period | | | | | | |
| **Account No. for Bid Document Purchase** | Agriculture Development Bank, Kohalpur, Banke, AC.Name Kohalpur Nagarpalika aantarik Rajaswa Khata | | | | | | |
| **Account No. for Bid Security Deposit** | The Bidder shall furnish a bid security, from commertial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Agriculture Development Bank, Kohalpur Branch, Account Number: 0720501000235217 | | | | | | |

1. Bidders shall submit their Bids e-copy only. For e-bidding visit PPMO's e-procurement web portal http://bolpatra.gov.np/egp and for other additional information please contact Kohalpur Municipality Office, Kohalpur Banke Contact No: 081-540318
2. If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.

**Chief Administrative Officer**

# Chaukune Rural Municipality
# Office of the Rural Municipal Executive

**Gutu, Surkhet**

## Invitation for Sealed Quotation

**Date of first Publication: 2082/07/20**

Invitation for Sealed Quotation for the Procurement,supply and delivery of medicine for chaukune Rural municipality gutu, Surkhet.

1. The Chaukune Rural Municipality invites sealed quotations from registered Suppliers for the Procurement,supply and delivery of medicine for chaukune Rural municipality gutu,surkhet.(CRM/SQ/GOODS/08/082/083).
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Chaukune Rural Municipality Gutu, Surkhet or may visit PPMO website www.bolpatra.gov.np.
3. A complete set of Bidding Documents may be purchased from the office of Chaukune Rural Municipality Gutu, Surkhet by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.00 till 2080/08/04 during office hours.
4. "Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of Rs. 1000 bidding document in the following account

   Name of the Bank: Laxmi sunrise Bank
   Name of Office: Chaukune Rural municipality Gutu,Surkhet
   Office Code no. :8010668076 Office Account no.: 09603000022
   Rajaswa (revenue) Shirshak no. : ……………………………
5. Sealed bids must be submitted to the office Chaukune Rural municipality Gutu,Surkhet by hand or e-GP system i.e www.bopatra.gov.np/egp on or before 12:00 noon on 2082/08/05. Bids received after this deadline will be rejected.

1. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 pm on 2082/08/05 at the office of Chaukune Rural Municipality Gutu, Surkhet. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of RS 67500, which shall be valid for 30 days beyond the validity period of the bid . If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account

   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Laxmi Sunrise Bank        Name of Office : Chaukune Rural Municipality
   Office Code no. :8010668076        Office Account no.: 09603000172

6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

